# ३८. श्री नारायण वाग्ले

*[संवत् २०६२ कार्तिक १८ गते रोज ४ का दिन आयोजित समारोहमा 'पल्पसा क्याफे' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०६१ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री नारायण वाग्लेले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार । यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १८४ बाट उद्धृत गरिएको हो ।]*

मदन पुरस्कार गुठीका अध्यक्षज्यू तथा परिवारजन, 'जगदम्बा-श्री' पुरस्कारले विभूषित फणीन्द्रराज खेतालाज्यू, समारोहमा उपस्थित साहित्य तथा भाषाप्रेमी सज्जनहरू !

सर्वप्रथम २०६१ सालको मदन पुरस्कार मेरो पहिलो उपन्यास 'पल्पसा क्याफे'का लागि प्रदान गर्ने गुठीप्रति म हार्दिक आभार प्रकट गर्दछु । यसले साहित्यतर्फ मेरो यात्रालाई थालनीमै प्रोत्साहन गरेको छ, साथसाथै जिम्मेवारी पनि वहन गराएको छ । यो पुरस्कार कति लोकप्रिय छ भनेर मैले यसबीच प्राप्त गरेका असङ्ख्य बधाईहरूबाट प्रत्यक्ष भोग्न पाएँ । साथसाथै सम्मानित पुरस्कारले लेखकको दायित्व बढाउँछ भन्ने ख्याल मलाई यतिबेला भइरहेछ । पुरस्कार घोषणापछि एक जना लेखकले मेरो हात समातेर सटीक टिप्पणी गरे– 'तपाईंलाई बधाई छ, अब बाँधिनुभयो !'

नेपाली भाषामा किताब प्रकाशनलाई मान्यता दिने, मूल्याङ्कन गर्ने र लेखकको मनोबल बढाउने ऐतिहासिक महत्त्वसिद्ध यो पुरस्कार कुनै पनि नेपाली लेखकका लागि सर्वोच्च आकर्षण हो भन्ने मेरो पनि ठम्याइ छ । व्यक्तिगत रूपमा मैले सिर्जनात्मक लेखन थाल्नुअघि नै, विद्यार्थीकालमै यो पुरस्कारको हकदार बन्ने सपना पालेको थिएँ । यहाँसम्म आइपुग्ने आकाङ्क्षा नै मेरो लेखकीय लत, जाँगर र ऊर्जाको एक महत्त्वपूर्ण हिस्सा थियो भन्ने आज म यहाँ विनाहिच्किचाहट सुनाउन चाहन्छु ।

पुरस्कार ग्रहण गरेर उभिएको यो गौरवपूर्ण क्षणमा म यस पुरस्कृत उपन्यास प्रकाशन गर्ने पब्लिकेसन नेपा:लय, मैले तेह्र वर्षदेखि निरन्तर पत्रकारिता गर्दै आएको कान्तिपुर पब्लिकेसन्स्, मेरो परिवार, साथीभाइ, मलाई सधैं लेखनमा घचघच्याउने पाठकहरू तथा म जन्मेहुर्केको पहाड र गाउँठाउँ तथा आफूले कलम चलाउन सिकेको विद्यालयको सम्झना गर्न चाहन्छु ।

म करिब चौध वर्षदेखि पत्रकारिता गर्दै छु। लेखक बन्न चाहन्थेँ र संयोगले पत्रकारिता गर्न पुगेँ। पत्रकारिताले सधैँ प्रश्नैप्रश्नले भरिएको लेखक माग गर्ने गर्छ। त्यस्तो जिज्ञासु जो आफ्नो समाज, वरिपरिको भूगोल र नेटोबाहिरको संसारका समेत गतिविधिबारे प्रश्नहरू खेलाउँछ र जवाफ जान्न खोज्छ। पत्रकारिताले आम पाठकहरूसँग सोझो संवाद गराउँछ, पाठकका जिज्ञासा मेट्ने प्रयत्न गर्छ। त्यसका लागि ऊसँग जवाफ जान्ने उत्सुकता र आफूले पाएका जानकारी भन्ने कौशल आवश्यक हुन्छ। पत्रकार त्यसैले सूचना खोज्ने र सुनाउने कलावान् लेखक बन्ने अविराम यात्रा हो। 'पल्पसा क्याफे' समाचारहरूसँग गाँसिएको छ। भर्खर यतैतिर वा यही बेला कतै पहाडतिर केही घटना भइरहेको छ। कुनै व्यक्ति भर्खर जन्मिएको छ वा मारिएको छ। कुनै व्यक्ति भर्खर अपहरित भएको छ वा अदालतबाट रिहाइ गरिएको छ। घटनैघटना वा संयोगैसंयोग वा वियोगैवियोग हाम्रो समाजको वर्तमान भएको छ। यसभित्र सङ्घर्षका अनेकौँ तहहरू छन्। भूगर्भका पत्रे चट्टानझैँ कुँदिएका सङ्घर्षका यी तहहरू अनेकौँ स्केलमा हामीलाई कम्पन गराइरहेका छन्। हाम्रो भूगोलको यही सकसपूर्ण समयलाई मैले एउटा सानो उपन्यासरूपी घण्टाघरमा देखाउने प्रयत्न गरेको हुँ। समाचार वा लेखमार्फत यावत् सूचना व्यक्त गर्ने सिलसिला सधैँ अपूरो हुन्छ। सूचना सम्प्रेषणमा प्राय: सीमाहरू मैले बेहोर्दै आएको छु। घटना वा विषयका अरू पाटाहरू सधैँ मलाई झकझक्याउने गर्छन्। पहाडमा एकातिर घाम लाग्दा अर्कोतिर छायाँ बसेको हुन्छ। विषय, पात्र वा प्रवृत्तिबारे लेखिएका समाचार वा लेख सामग्रीका त्यस्तै छायाहरू थाँती बसेको म पाउँछु। तिनले मलाई हुँडल्छन्। मैले यस उपन्यासमा तिनै छायाहरूको प्रेरणा लिएको छु। युद्धकालको समाज असाधारण घटनाचक्र र तिनका असरले जेलिएको हुन्छ। त्यस्तो समयका पत्रकारहरू आफूलाई पत्रिकामा पूर्णरूपमा अभिव्यक्त गर्न असमर्थ महसुस गर्छन् भन्ने उदाहरण पहिलो र दोस्रो विश्वयुद्ध वा द्वन्द्वग्रस्त क्षेत्र 'कभर' गर्ने थुप्रै पत्रकार भएका छन्, जसले पछि उपन्यास लेखेर आफ्नो चित्त शान्त गरेका छन्।

मलाई पनि यो उपन्यास आफ्नो चित्त शान्त गर्ने एक चेष्टा भएको छ। तर म शान्त हुन सकेको छैन। त्यसले मलाई यस्तै पुस्तकमा थप प्रकट हुन कुतकुत्याइरहेको छ। जतिबेला नागरिकको जीवन र अस्तित्वमा उथलपुथल आउँछ त्यतिबेला लेखकहरू आफ्नो समाज र यससँग जोडिएका प्रश्नहरूलाई सम्बोधन गर्ने चुनौती बढी ख्याल गर्छन्। अहिले देशको परिस्थितिले बढीभन्दा बढी लेखकलाई समकालीन प्रश्नहरू खोतल्ने अवसर दिएको छ भने बढीभन्दा बढी लेखक जन्माउने आधार पनि तयार गरेको छ। साथसाथै लेखकलाई झन्भन्दा झन् सामाजिक भूमिका निर्वाह गर्ने अर्थबोध पनि गराएको छ।

एकातिर देशको द्वन्द्वले नागरिक अस्तित्व र भविष्यमा प्रत्यक्ष प्रभाव पारिरहेको छ भने अर्कातिर यसले लेखकहरूलाई आफ्नो उपस्थिति र कर्तव्य जनाउन माग पनि गरिरहेको छ। मलाई लाग्छ, आफू बाँचेको समय र समाजका प्रश्नहरूबाट भाग्नु कर्तव्यविमुख हुनु हो भने तिनलाई केलाउनु र आफ्नो दृष्टिकोण प्रस्ट गर्ने प्रयत्न गर्नु लेखकको नैसर्गिक अधिकार हो।

सलमान रुस्दीले हालसालै छापिएको आफ्नो पछिल्लो उपन्यास 'सालिमार द क्लाउन' को व्याख्या गर्ने क्रममा लेखकलाई पात्र र प्रवृत्ति केलाउने सचेत र जिम्मेवारपूर्ण विश्व-नागरिकको सङ्केत गरेका छन्। उनले काश्मीर-द्वन्द्व सुरु भएको यतिका वर्षपछि त्यसैको पृष्ठभूमिमा किन उपन्यास लेखे ? आत्मघाती बम बोक्ने मान्छे कसरी हुर्किरहेको छ भन्ने चिन्ने र चिनाउने प्रयत्नका रूपमा त्यसलाई उनले अर्थ्याएका छन्। त्यसैगरी भिएस नयपालले 'म्याजिक सिड्स'बाट भारतीय भूमिमा माओवादी सशस्त्र सङ्घर्षका पात्रहरूको फेरो मारेका छन् हालैका वर्षमा। तर उनले उपन्यासबाट विश्राम लिने घोषणासाथ सधैँभरि उपन्यास लेखिरहने लेखक आफै औपन्यासक चरित्रको हुन सक्ने खतरा पनि औंल्याएका छन्। जेहोस् विश्वप्रसिद्ध लेखकहरूमार्फत पनि समाचारमा छाएको यस भूगोलको द्वन्द्व विश्व पाठकमाझ उपन्यासका रूपमा पुगिरहेको छ र लेखकहरूले यी प्रश्नहरूलाई सम्बोधन गर्ने क्रम जारी राखेका छन्।

नेपाली साहित्यमै पनि समकालीन द्वन्द्वका चरित्रबारे केही लेखकले आफूलाई अभिव्यक्त गर्ने प्रयास गरेका छन्। नेपाली साहित्य समृद्ध छ भनेर परम्परागत शास्त्रीय समालोचना र सरदर पाठक मान्यता पाइन्छ। विभिन्न प्रयोग, धार र वादको जामा पहिऱ्याएर पनि उपन्यास लेखिएका छन्, तैपनि नेपाली भाषामा उपन्यास सङ्ख्यात्मक रूपैले पनि कम छन् भन्ने मलाई लाग्छ। उपन्यासकार कम छन्, उपन्यास कम लेखिएका छन्। यतिबिधि साहित्यकारहरूको समुदाय हामी देख्छौँ तर उपन्यासको सङ्ख्या न्यून हुनु चिन्ताको विषय हो। संसारभरि यो लोकप्रिय विधाका रूपमा छ तर हामीकहाँ लोकप्रिय उपन्यास कम छन्। पाठकहरू औंला भाँचेर पुग्ने गरी नेपाली उपन्यासको नाम लिने गरेको म पाउँछु।

लेखक वा किताब कम हुनुको अर्थ पाठक पनि कम छन् भन्ने होइन भन्ने धारणा 'पल्पसा क्याफे'ले पनि सत्य साबित गरेजस्तो मलाई लाग्छ। पाठक अनगिन्ती छन् र उपन्यासकारहरूले आफ्ना पाठक अझ बढाउनुपर्छ। त्यसका लागि प्रकाशनगृह र बिक्रीवितरणको आधुनिक सुव्यवस्थाका साथै पाठकहरूसँग सरल र सोझो सम्बन्ध कायम गर्ने लेखन शैली र विषय आवश्यक हुन्छन्। नेपाली उपन्यास लेखन परम्परा सम्पन्न छ भनेर जान्नेबुझ्नेहरूले सान्त्वना देलान् तर यसलाई पाठक झकझक्याउने लोकप्रिय विधाका रूपमा विस्तार गर्नुपर्ने चुनौती छ। लेखक-साहित्यकारको सशक्त उपस्थिति कुनै पनि समाजले आफूलाई नियाल्ने माध्यम हो।

साहित्यमार्फत समाजले आफूलाई नियाल्नुको अर्थ प्रगति र चेतनातर्फको यत्न हो। जुन समाजले आफूलाई बुझ्न पाएको हुँदैन, त्यसले आफ्ना चुनौती र अवसरबारे ज्ञान पाउँदैन । चेतनासम्पन्न नागरिकहरू भएको कुनै पनि समाजको पृष्ठभूमिमा कला साहित्यको तीव्र भूमिका हुन्छ ।

म यस गरिमामय तथा नेपाली भाषा-साहित्यकै वर्षको महत्त्वपूर्ण दिनलाई सन्दर्भ पारेर आफूलाई उपन्यास विधामा अनवरत रचनाशील भइरहने प्रण गर्न चाहन्छु। किनभने अघि मैले अरूलाई उद्धृत गरेर भनिसकेको छु कि म आजैदेखि औपचारिकरूपमा थप दायित्वबोधले बाँधिएको छु।

धन्यवाद ।

☒ ☒ ☒